# अर्जुनचौपारी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन कार्यविधि, २०८०

गाउँकार्यपालिकाको बैठकबाट पारित मितिः २०८०/०९/१६ गते

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

# प्रस्तावनाः

मानिसको लागि स्वास्थ्य अपरिहार्य कुरा हो।राम्रो स्वास्थ्य बिना मानिसको जिवन वास्तविक जिवन जस्तो हुदैंन। स्वस्थ जिवनको लागि विभिन्न स्वास्थ्य गतिविधिहरुमा संलग्न हुनु आवश्यक छ। नेपाल भौगोलिक रुपमा असहज र शिक्षाको सर्वव्यापी पहुँच नभएको कारणले विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट सञ्चालित गतिविधीहरुबारे अज्ञान हुने र कार्य व्यस्तताका कारण त्यस्ता खाले कार्यक्रममा सहभागी नहुने अवस्था रहेको छ।त्यसैले महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविका नै हाम्रो जस्तो देशको लागि स्वास्थ्यका विभिन्न गतिविधीहरुबारे जानकारी गराउने, स्वास्थ्य सन्देशहरु दिने, स्वास्थ्य सम्बन्धी गतिविधीहरुमा सहभागी गराउन मार्गदर्शन गर्ने एक भरपर्दो माध्यम हो।

नेपाल सरकारले नेपालका सबै स्थानिय तहका सबै वडाका विभिन्न टोलहरुमा नि-शुल्क रुपमा काम गर्न ईच्छुक महिलाहरुमध्येबाट महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविका छनोट गर्ने कार्यविधि ल्याएको हुँदा सोही कार्यविधिका आधारमा महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविकाहरु छनोट भई कार्यरत अवस्था रहेको छ।तर स्वास्थ्य सम्बद्ध गतिविधीहरु धेरै हुने र महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविकाहरुलाई नि-शुल्क रुपमा काम गराउन अनुपयुक्त देखिएकोले अर्जुनचौपारी गाउँपालिकाले स्वास्थ्यका कार्यक्रमको प्रगतिका साथ-साथै महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविकालाई पनि केही मात्रमा भए पनि आर्थिक सहायता होस भन्ने हेतुले यो कार्यविधि बनाएको हो।

# परिच्छेद-१

# प्रारम्भिक

## १.संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यविधिको नाम “अर्जुनचौपारी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन कार्यविधि, २०८०” रहेको छ।

(ख) कार्यपालिकावाट स्वीकृत भएको मिति देखी यो कार्यविधि प्रारम्भ हुनेछ।

## २. परिभाषाः-

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अध्यक्ष” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ख) “उपाध्यक्ष” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको उप-अध्यक्षलाई सम्झनुपर्दछ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(घ) “वडाध्यक्ष” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको ६ वटा वडाका वडा अध्यक्षलाई सम्झनुपर्दछ।

(ङ) “पोषण” भन्नाले मानव शरिर लाई शारिरिक, मानसिक, सामाजिक रुपमा स्वास्थ्य राख्नको लागि दैनिक रुपमा आवश्यक पर्ने पौष्टिक तत्वहरुको सम्मिश्रण लाई सम्झनुपर्दछ।

(च) “पोषण सहजकर्ता” भन्नाले पोषण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी तरिकाले परिचालन गरि स्वस्थ र समुन्नत टोल साथै समुन्नत पालिका बनाउन भुमिका खेल्ने तालिम प्राप्त व्यक्ती सम्झनुपर्दछ।

(छ) “स्वास्थ्य आमा समुह” भन्नाले यस अर्जुनचौपारी गाउँपालिका नेपाल संविधानको भाग २१८ एंवम स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ ले दिएको अधिकारमा रहेर दर्ता भएकाको प्रजनन उमेर समुह (१५-४९) महिलाहरुको समुहलाई सम्झनुपर्दछ। यस अन्तर्गत एकल महिला पानि पर्दछन।

(ज) “१००० दिने आमा” भन्नाले गर्भवती, सुत्केरी तथा २ वर्ष मुनिका बच्चाहरुको आमालाई सम्झनुपर्दछ।

(झ) “गाउँपालिका” भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनुपर्दछ।

(ञ) “कार्यपालिका” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

(ट) "महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका" भन्नाले अर्जुनचौपारी गाउँपालिकाभित्र रहेका ३८ वटा टोलमा नि-शुल्क रुपमा सेवारत स्वास्थ्य आमा समुहद्वारा छनोट भएका महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका सम्झनुपर्दछ।

## ३. उद्देश्यः-

महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन रकम उपलब्ध गराउनुको मुख्य उद्देश्य देहाय बमोजिम छन।

(क) पालिकामा स्थायी ठेगाना भएका आमा-बाबुबाट जन्मेका बालबालिकाको जन्म दर्ता ३५ दिनभित्रमै  गर्न सघाउ पुर्याउने।

(ख) पालिकाका सबै गर्भवती महिलाहरुले ८ पटक गर्भ जाँच गरेको सुनिश्चित गर्न।

(ग) पालिकाका सवै गर्भवती महिलाहरुले गर्भावस्थामा नियमानुसार पाउनुपर्ने टि.डी. खोप लगाएको सुनिश्चित गर्न।

(घ) पालिकाका सबै २ वर्षमुनिका बालबालिकाहरुले हरेक महिना वृद्धि अनुगमन गरेको सुनिश्चित गर्न।

(ङ) हरेक महिना कम्तिमा १ पटक स्वास्थ्य आमा समुहको बैठक बसी स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न।

(च) हरेक महिनाको निश्चित दिनमा सञ्चालन हुने  महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरुको मासिक समिक्षा कार्यक्रममा अनिवार्य सहभागिता रहेको सुनिश्चित गर्न।

(छ) पालिकाभित्र रहेका प्रजनन उमेरभित्रका ईच्छुक महिलाहरुले परिवार नियोजनका साधनहरु प्राप्त गरेको अवस्थालाई सुनिश्चित गर्न।

(ज) पालिकाका सबै सुत्केरी महिलाहरुले ४ पटक सुत्केरी जाँच गरेको सुनिश्चित गर्न।

(झ) पालिकाभित्र रहेका गर्भवती महिलाहरुले अर्जुनचौपारी गाउँपालिकाभित्रकै स्वास्थ्य संस्थामा प्रसुति गराएको सुनिश्चित गर्न।

(ञ) पालिकाभित्र रहेका गर्भवती महिलाहरुले अर्जुनचौपारी गाउँपालिकाभित्रकै स्वास्थ्य संस्थामा प्रसुति गराउन सम्भव नभएमा अन्य उच्चतम सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाबाट प्रसुति गराएको सुनिश्चित गर्न।

(ट) बालविवाह हुन लागेको पुर्व जानकारी गराएर बाल विवाह रोक्न सहयोग पुर्याउन।

(ठ) विभिन्न किसिममा स्वास्थ्य सम्बन्धी सुचनाहरु तुरुन्तै जानकारी गराउन।

## ४. प्रोत्साहन रकम वितरण प्रक्रियाः-

अर्जुनचौपारी गाउँपालिकाबाट प्रदान गरिने प्रोत्साहन रकम वितरण निम्न अनुसार गरिनेछ।

| सि.न. | क्रियाकलापको विवरण | प्रदान गरिने रकम | कैफियत |
|---|---|---|---|
| १. | जन्मदर्ता | रु.१००/- प्रति बालबालिका | |
| २. | हरेक पटकको गर्भवती जाँच | रु.५०/- प्रति महिला | |
| ३. | टि.डी.खोप लगाएका महिला | रु.५०/- प्रति महिला | |
| ४. | हरेक महिना वृद्धि अनुगमन गरेका बालबालिका | रु.५०/- प्रति बालबालिका हरेक महिना | |
| ५. | स्वास्थ्य आमा समुहको बैठक सञ्चालन | रु.१००/- प्रति महिना | |
| ६. | मासिक समिक्षा कार्यक्रममा सहभागी | रु.१००/- प्रति महिना | |
| ७. | परिवार नियोजनका सेवाको लागि प्रेषण गरिएका महिलाको सङख्या | रु.५०/- प्रति महिला | |
| ८. | ४ पटक गर्भवती जाँच गरेका महिला | रु.५०/-प्रति महिला हरेक पटक | |
| ९. | स्वास्थ्य संस्थामा प्रसुतिको लागि प्रेषण गरिएका महिलाको सङख्या | रु.१००/- प्रति महिला | |
| १०. | प्रसुति सेवाको लागि अन्य स्वास्थ्य संस्थामा प्रेषण गरिएका महिलाको सङख्या | रु.५०/- प्रति महिला | |
| ११. | बालविवाहको पुर्व जानकारी | रु.१००/- प्रति व्यक्ति | |
| १२. | स्वास्थ्य सम्बन्धी सुचनाहरु प्रदान | रु.५०/- हरेक पटक | |

| | | | |
|---|---|---|---|
| १३. | निर्देशन बमोजिमको तथ्याङ्क सङ्कलन | रु.१००/- हरेक पटक | |
| १४. | मासिक रुपमा आफ्नो टोल तथा सार्वजनिक सम्पत्ति जस्तैः-बाटो, विद्यालय, मठ-मन्दिर, समाजघर इत्यादि ठाउँहरुमा सरसफाई कार्यक्रम सञ्चालन | रु.१००/- प्रति कार्यक्रम | |
| १५. | असहाय,फरक क्षमता भएका व्यक्तीहरुलाई भेटघाट सहित विवरण सङ्कलन | रु.५०/- हरेक महिना | |
| १६. | दिर्घरोगी भेटघाट सहित विवरण सङ्कलन | रु.५०/- हरेक महिना | |
| १७. | पोषण सहजकर्ताहरुसँग आवश्यकतानुसार सहकार्य | रु.५०/- हरेक महिना | |
| १८. | निर्देशिका बमोजिमको HMIS tools प्रयोग गरी प्रतिवेदन | रु.५०/- हरेक महिना | |

पुनश्चः-

- सामुदायिक महिला स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन रकम प्रदान गर्दा स्वास्थ्य संस्था साथै सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयको सिफारिस पत्रलाई अनिवार्य आधार मानिनेछ।
- कार्यक्रमको मुल्याङ्कनको आधारमा अधिकतम मासिक रु.२०००/-(अक्षरुपि दुई हजार रुपैंया मात्र) प्रदान गरिनेछ।
- उल्लेखित क्रियाकलापहरुमा सन्तोषजनक नतिजा नआएमा गाउँपालिका प्रोत्साहन रकम उपलब्ध गराउन बाध्य हुने छैन।

**५. कार्यक्रम सञ्चालनको तयारीः**

(१) स्वास्थ्य शाखा हरेक स्वास्थ्य संस्थाहरुलाई कार्यक्रम सञ्चालन सम्बन्धी अभिमुखिकरण मार्फत कार्य गराउनु पर्दछ।

(२) साथै हरेक स्वास्थ्य संस्थाले आफ्नो मातहतका सामुदायिक महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी कार्यक्रम सञ्चालन प्रक्रिया सम्बन्धी जानकारी दिनुपर्नेछ।

(३) हरेक महिना स्वास्थ्य संस्थाहरुले सामुदायिक महिला स्वास्थ्य स्वंयम सेविकाहरुले गरेका क्रियाकलापहरुको आधारमा प्राप्त गर्ने प्रोत्साहन रकमको विवरण स्वास्थ्य शाखालाई उपलब्ध गराउनुपर्नेछ।

(४) स्वास्थ्य शाखाले हरेक स्वास्थ्य संस्थाबाट उपलब्ध विवरणको सुनिश्चतता गरी रकम निकासाको लागि गाउँपालिकालाई अनुरोध गर्नुपर्नेछ।साथै कार्यक्रमको प्रगतिबारे अनिवार्य जानकारी उपलब्ध गराउनुपर्नेछ।

## ६. अनुगमन समितिः

| | |
|---|---|
| अर्जुनचौपारी गाउँपालिका अध्यक्ष एवं उपाध्यक्ष | -अध्यक्ष |
| उपाध्यक्ष | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| सम्वन्धित वडा का वडाअध्यक्ष | -सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | -सदस्य |
| हरेक स्वास्थ्य संस्थाका प्रमुख | -सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिव |

## ७. सामुदायिक महिला स्वास्थ्य स्वंयम सेविकाहरुले गर्ने कार्यहरुः

१) पालिकामा स्थायी ठेगाना भएका आमा-बाबुबाट जन्मेका बालबालिकाको जन्म दर्ता ३५ दिनभित्रमै गरे नगरेको एकिन गरि यदि नगरको भएमा तुरुन्तै गर्न लगाउने।

२) पालिकाका सबै गर्भवती महिलाहरुले ८ पटक गर्भ जाँच (हरेक महिना कम्तिमा १ पटक) गर्न लगाउने ।

३) पालिकाका सवै गर्भवती महिलाहरुले गर्भावस्थामा नियमानुसार लगाउनुपर्ने टि.डी. खोप लगाउन स्वास्थ्य संस्था वा खोप केन्द्र पठाउने।

४) पालिकाका सबै २ वर्षमुनिका बालबालिकाहरुले हरेक महिना वृद्धि अनुगमन गर्न लगाउने।

५) हरेक महिना कम्तिमा १ पटक स्वास्थ्य आमा समुहको बैठक बसी स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालन गर्ने।

६) हरेक महिनाको निश्चित दिनमा सञ्चालन हुने  महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरुको मासिक समिक्षा कार्यक्रममा अनिवार्य सहभागिता भइ छलफलमा सहभागी भइ कार्य प्रगति र आइपरेका समस्याहरुबारे विश्लेषण गर्ने।

७) पालिकाभित्र रहेका प्रजनन उमेरभित्रका ईच्छुक महिलाहरुले परिवार नियोजनका साधनहरु प्राप्त गर्न सहयोग गर्ने।

८) पालिकाका सबै सुत्केरी महिलाहरुले ४ पटक सुत्केरी जाँच गर्न लगाउने साथै स्वास्थ्यकर्मीसँग निरन्तर सम्पर्कमा रही सहयोग पुर्याउने।

९) पालिकाभित्र रहेका गर्भवती महिलाहरुले अर्जुनचौपारी गाउँपालिकाभित्रकै स्वास्थ्य संस्थामा प्रसुति गराउन प्रेषण गर्ने।

१०) पालिकाभित्र रहेका गर्भवती महिलाहरुले अर्जुनचौपारी गाउँपालिकाभित्रकै स्वास्थ्य संस्थामा प्रसुति गराउन सम्भव नभएमा अन्य उच्चतम सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपरेमा गाउँपालिकाबाट नि-शुल्क प्रेषणको सुविधा रहेको जानकारी गराउने।

११) बालविवाह हुन लागेको पुर्व जानकारी दिने ।

१२) विभिन्न किसिममा सुचनाहरु जस्तैः-स्वास्थ्य संस्था, वडा कार्यालय र गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमबारे तुरुन्तै जानकारी गराउने।

१३) पालिका स्वास्थ्य संस्थाले निर्देश गरे बमोजिमका सबै खाले आवश्यक तथ्याङ्क सङ्कलनमा सहजिकरण गर्नुपर्ने।

१४) स्वास्थ्य संस्था,वडा कार्यालय र गाउँपालिकाले आयोजना/सञ्चालन गर्ने सबै खाले कार्यक्रममा सहभागी भएर सहजिकरण गर्नुपर्ने।

१५) आफ्नो टोलमा भएका बिरामी,दिर्घरोगीको विवरण, यदि मृत्यु भएको भए सो बमोजिमको विवरण र यदि कुनै बिरामी उपचारका लागि अन्यत्र लगेको भए सोको विवरण स्वास्थ्य संस्थामा जानकारी गराउने।

१६) पोषण सम्बन्धी सचेतनामुलक तथा अभिमुखिकरण कार्यक्रममा आवश्यक सहजिकरण गर्नुपर्ने।

१७) सार्वजनिक स्थल जस्तैः-मन्दिर, मोटरबाटो, गोरेटो बाटो, लगायतका स्थलहरुमा सरसफाई कार्यक्रम सञ्चालन गर्ने (सामुदायिक महिला स्वास्थ्य स्वंयमसेविकाको नेतृत्त्वमा)।

१८) असहाय,अशक्त र फरक क्षमता भएका व्यक्तिहरुको घरमा पुगी भेटघाट गर्ने र आवश्यकता अनुसार सर-सल्लाह दिने।

१९) सामुदायिक महिला स्वास्थ्य स्वंयमसेविकाको नेतृत्त्वमा आफ्नो टोल र विद्यालयको सरसफाई कार्यक्रम हरेक महिनामा कम्तिमा १ पटक गर्ने।

२०) खोप क्लिनिक, गाउँघर क्लिनिक लगायत नागरिकलाई टेवा, घर-घरमा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन समयमा अनिवार्य उपस्थित भएर सहजिकरण गर्नुपर्ने।

२१) साथै स्वास्थ्य संस्थाले लगाए अनुसारका कामहरु गर्ने।

## ११.विविधः-

बाधा अड्काउ फुकाउनेः- यस कार्यविधिमा उल्लेखित प्रावधान तथा कार्यक्रमहरु सञ्चालन गर्दा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन, थपघट गर्नुपरेमा कार्यपालिकाले निर्णय गरी यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।